भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाङ्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

फोन नः ९८५६०१००४५
ईमेलः info@bhimsenmun.gov.np
bhimsenthapagaupalika@gmail.com
website: www.bhimsenmun.gov.np

पत्र संख्याः०७८/०७९
च. नं.

मितिः२०७८/०५/०१

## भिमसेनथापा गाउँपालिकाको हार्दिक अपिल!

प्रस्तुत विषयमा गोरखा जिल्ला भित्र तिब्र रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागीं जिल्ला प्रशासन कार्यालय गोरखाबाट मिति २०७८।०५।०१ गते राती १२ वजे देखि २०७८।०५।११ गते राती १२ वजे सम्म लागु हुनेगरी निशेधाज्ञा जारी गरिएको छ। यस भिमसेनथापा गाउँपालिका भित्र पनि कोभिड-१९ को संक्रमण तीव्र रुपमा फैलिरहेको हुँदा निशेधाज्ञा अवधिभर गाउँपालिका भित्र लागु हुनेगरी भिमसेनथापा गाउँपालिकाले देहायको निर्णय गरेको हुँदा उक्त निर्णय कार्यान्वयन गरि स्वास्थ सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्नुहुन भिमसेनथापा गाउँपालिका, गाउँपालिकावासी तथा सम्बन्धित सवैमा हार्दिक अपिल गर्दछ।

१. गाउँपालिका तथा मातहतका सरकारी कार्यालयबाट प्रवाह हुने अत्यावश्यक वाहेकका सवै सेवा वन्द गर्ने।
२. गाउँपालिका भित्रका सवै प्रकारका विद्यालय, क्याम्पस र शैक्षिक संस्थाहरु पुर्ण रुपमा बन्द गर्ने।
३. गाउँपालिका भित्रका बैक तथा वित्तीय संस्थाहरुले सम्पर्कको आधारमा दिने अत्यावश्यक सेवाको लागी सम्पर्क व्यक्ति तथा सम्पर्क नम्बर सहितको सार्वजनिक सूचना प्रकाशन गरी आकस्मिक सेवा मात्र प्रबाह गर्ने।
४. रक्षाबन्धन तथा राखी बाध्ने कार्य एकाघरका परिवारका सदस्यहरु विच मात्र गर्ने, गाईजात्रा, लाखेजात्रा तथा मेला लगायतका सार्वजनिक स्थलमा हुने सम्पुर्ण सांस्कृतिक तथा धार्मिक कार्यहरु पुर्ण रुपमा बन्द गर्ने।
५. अत्यावश्यक काममा बाहेक घरबाहिर ननिस्कने र हिडडुल नगर्ने। अत्यावश्यक काम परी निस्कनै पर्दा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने तथा भिडभाड नगर्ने/नगराउने।
६. सवै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, भेला, जात्रा, महोत्सव निषेध गर्ने।
७. एम्बुलेन्स, शववाहन, खाद्यसामाग्री, तरकारी, कृषिजन्य उत्पादन, निर्माण सामाग्री औषधि तथा स्वास्थ्य सामाग्री वोकेका सवारी, अत्यावश्यक कामकाजका लागी प्रयोग हुने सवारी, कर्मचारी, स्वास्थ्यकर्मी तथा बैकका कर्मचारीले प्रयोग गरेका सवारी वाहेकका सवारी साधन संचालनमा रोक लागाउने।
८. दाहासंस्कारमा स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी २५ जना भन्दा बढि भेला नहुने।
९. औषधि तथा स्वास्थ्य सामाग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने, कृषिजन्य उत्पादन, मल, विज विजन तथा खाद्यान्न पसल, निर्माण सामाग्री वितरण गर्ने पसल तथा वर्कसप स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्ण रुपमा पालना गर्ने गरी विहान ५ वजे देखी विहान १० वजे सम्म संचालन गर्ने।
१०. पुर्व निर्धारित विवाह, ब्रतबन्ध, तथा अन्य संस्कारजन्य कार्यक्रम गर्दा नजिकको सुरक्षा निकायसँगको समन्वयमा १० जना भन्दा कम व्यक्तिहरुको उपस्थितीमा गर्नुपर्ने।
११. मठ मन्दिर, गुम्बा, मस्जिद, मदर्सा, चर्च लगायत धार्मिक स्थलहरुमा जनस्वास्थ्यको मापदण्ड पालना गर्नेगरी नित्य पुजा, ध्यान, प्रार्थना वाहेक अन्य कार्यहरु नगर्ने/नगराउने।
१२. ज्वरो, सुख्खा खोकी तथा रुघा लाग्ने जस्ता कोभिड -१९ संग सम्बन्धित लक्षण देखा परेमा घर परिवार र अन्य व्यक्तिहरुबाट आफुलाई Isolate गरी स्वास्थ्यकर्मीलाई खवर गर्ने।

विवेक खनाल
नि. प्रमुख प्रशासकीय अधिकृत